# लेटाङ नगरपालिका

# स्थानीय राजपत्र

खण्डः८ | संख्याः७ | मितिः२०८१/०५/१४

## भाग-२

## लेटाङ नगरपालिका

# लेटाङ सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

## लेटाङ सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

**स्वीकृत मितिः २०८१।०५।०४**

**प्रमाणीकरण मितिः २०८१।०५।०४**

**प्रस्तावनाः**

लेटाङ नगरपालिकाका जनताको सबै प्रकारको स्वास्थ्य सुरक्षा सेवामा पहुँच सुनिश्चित तथा स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्न सर्पको टोकाइबाट हुने पीडा र जोखिम न्यून गर्दै जीवन रक्षाका लागि नगर क्षेत्रमा सर्प दंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले लेटाङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी नगर कार्यपालिकाले लेटाङ सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

### परिच्छेद-१

### प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम **"लेटाङ सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उप प्रमुख" भन्नाले लेटाङ नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले लेटाङ नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "केन्द्र " भन्नाले लेटाङ नगरपालिकामा यस कार्यविधि अनुसार स्थापना भइ सञ्चालनमा रहेको सर्प दंश उपचार केन्द्रलाई सम्झनुपर्दछ।

(घ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषद्बाट अनुमतिप्राप्त व्यक्तिलाई सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले लेटाङ नगरपालिकालाई सम्झनुपर्छ।

लेटाङ नगरपालिका, मोरङ

(च) “प्रमुख” भन्नाले लेटाङ नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ।

(छ) " महाशाखा" भन्नाले स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडिमियोलोजी तथा नियन्त्रण महाशाखा सम्झनु पर्दछ।

(ज) "विभाग" भन्नाले स्वस्थ्य सेवा विभागलाई सम्झनुपर्दछ।

(झ) “व्यवस्थापन समिति” भन्नाले दफा ५ बमोजिम गठित लेटाङ सर्प दंश उपचार सेवा सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ञ) “साझेदार संस्था” भन्नाले सर्प दंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थाप गर्ने गरी प्रचलित कानुन बमोजिम दर्ता भई लेटाङ सर्प दंश उपचारका लागि साझेदार गर्ने संस्था भनि सम्झनुपर्छ ।

## परिच्छेद-२

## सर्प दंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन

**३.सञ्चालन तथा व्यवस्थापन ढाँचाः** (१) सञ्चालन मापदण्ड नेपाल सरकारबाट जारी भएको सर्प दंश उपचार केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ दफा ६ बमोजिम हुनेछ। केन्द्र गैर नाफामुलक संस्थाको रूपमा सञ्चालन गरिनेछ।

(२) लेटाङ नगरपालिकाको अभिन्न अङ्गको रूपमा केन्द्र गैर नाफामुखी संस्थाको रूपमा जुनसुकै समयमा आवश्यक सेवा दिने गरी नगरपालिका र नेपाली सेनाको संयुक्त व्यवस्थापन र नगर अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन हुनेछ।

(३) स्वास्थ्य सेवा विभाग तथा स्वास्थ्य कार्यालय मार्फत आपूर्ति नहुने र आपूर्ति भएको औषधी नपुग भएमा नगरपालिकाले सोको व्यवस्थापन गर्नुपर्नेछ।

(४) केन्द्रका लागि आवश्यक भौतिक संरचनाको व्यवस्थापन नगरपालिकाले गर्नुपर्नेछ।

(५) केन्द्रका लागि आवश्यक औषधी र उपकरण नगरपालिकाले व्यवस्थापन गर्नुपर्नेछ, साथै साझेदार संस्था र सहयोगीहरूसँगको सहकार्यमा व्यवस्थापन गर्न सकिनेछ।

(६) केन्द्रको सञ्चालन सर्प दंश उपचार केन्द्र स्थापना सम्बन्धी मापदण्ड, २०७७ तथा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

(क) तालिम प्राप्त जनशक्ति लेटाङ अस्पतालको चिकित्सक र नेपाली सेनाको समन्वयमा व्यवस्थापन गरिनेछ।

(ख) थप करार जनशक्ति र स्रोत व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्नेछ।

(ग)जनशक्तिको छनौट, कार्यको सुपरिवेक्षण र व्यवस्थापन सम्बन्धि अन्य कार्य तथा सेवा सुविधा लेटाङ नगर अस्पतालका कर्मचरीलाई प्रदान गरिए सरहको हुनेछ ।

(घ) केन्द्रमा भर्ना भएका विरामी उपचार सहायताका लागि नगर अस्पतालले तत्काल आवश्यक जनशक्ति र सेवा दिनुपर्नेछ।

(ङ)एम्बुलेन्स तथा विरामीका लागि आवश्यक यातायात सेवा शुल्क केन्द्रबाट व्यवस्था हुनेछैन।

४.सेवा शुल्कः (१) सर्प दंश केन्द्रमा प्राप्त हुने सेवा शुल्क वा अन्य राजश्व नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्नुपर्नेछ।

## परिच्छेद-३

## व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

**५. व्यवस्थापन समिति गठनः** (१) लेटाङ सर्पदंश उपचार सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम एक व्यवस्थापन समिति रहनेछ।

क. नगर उपप्रमुख - अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. केन्द्र सञ्चालन भएको वडाको वडाध्यक्ष – सदस्य

घ. नेपाली सेनाको लेटाङ स्थित कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य

ङ. स्थानीय प्रहरी प्रमुख - सदस्य

च. लेटाङ अस्पताल प्रमुख – सदस्य

छ. अध्यक्षले मनोनित गरेको प्रतिनिधि एक महिला सहित २ जना - सदस्य

ज. नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ।तोकिएको जिम्मेवारी पूरा नगरेमा अध्यक्षले जुनसुकै बखत फिर्ता बोलाउन सक्नेछ।

(३) पदावधि बाँकी रहँदै नगरपालिकाको नयाँ निर्वाचन भएमा बाँकी पदावधि स्वतः समाप्त हुनेछ।

(४) सर्प दंश उपचार केन्द्र सञ्चालन र सेवा प्रदान गर्ने चिकित्सक र प्राविधिक कर्मचारी र विज्ञ व्यक्तिलाई समितिमा आमन्त्रण गर्न सकिनेछ।

**६. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सर्प दंश उपचारको सञ्चालनको स्वीकृत मापदण्ड कार्यान्वयन गर्ने गराउने।

(ख) गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि आवश्यक नीति, योजना कार्यक्रम तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गराउने।

(ग) सर्प दंश उपचार केन्द्रको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत साधन जुटाउने वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।

(घ) सर्प दंश उपचार केन्द्रबाट प्रवाह भएको सेवाहरुको नियमित अनुगमन र समीक्षा गरी सेवा प्रवाहको निरन्तरता सुनिश्चित गर्ने।

(ङ) केन्द्रमा जनशक्तिको व्यवस्थापन र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

(च) केन्द्रमा कार्यरत जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकामा सिफारिस गर्ने ।

(छ) सर्प दंशको उपचारमा आवश्यक औषधी र उपकरणको अध्यावधिक तथा व्यवस्थापन गर्ने।

(ज) सर्प दंश उपचारको सेवा शुल्क नगर कार्यपालिकाबाट स्वीकृत गराउने।

(झ) नगर कार्यपालिकाको निर्णयानुसार तोकिएको साझेदारी संस्थासँग कार्य गर्ने कार्यविधि निर्माण र नियमित गर्ने।

(ञ) कार्यपालिकाबाट स्वीकृत मापदण्ड, निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने।

(ट) केन्द्रको व्यवस्थापन र सञ्चालन गर्न आवश्यक आम्दानी खर्चको लेखा अभिलेख र लेखा परीक्षण नगरपालिकाले गर्नेछ।

## परिच्छेद - ४

## विविध

**७. केन्द्रलाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापनः** (१) केन्द्रलाई आवश्यक पर्ने जनशक्ति नेपाली सेनाको लेटाङ स्थित कार्यालयबाट प्राप्त जनशक्तिका साथै नगरपालिकाले न्यूनतम सेवा मापदण्ड बमोजिम क्रमश अन्य जनशक्ती व्यवस्था गर्दै लगिनेछ।

क) लेटाङ अस्पतालका प्रमुख वा निजले तोकेको मेडीकल अधिकृत १ जना अनकल (ONCALL)मा खटिने गरी व्यवस्थापन गरिने।

ख) लेटाङ अस्पतालमा कार्यरत स्टाफ नर्स १ जना र अन्य नर्सिङ स्टाफ १ जना गरी जम्मा २ जना

ग) जनस्वास्थ्य शाखाको सिफारिसमा तोकीएको पारामेडिक्स न्यूनतम एक जना।

२) केन्द्रमा खटिने कर्मचारीको सेवा सुविधा नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

८) केन्द्रका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्थापन मर्मत संभार नगरपालिकाले गर्नेछ।

९) **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१०. यस कार्यविधिमा उल्लेख भएका विषयहरू कार्यविधि बमोजिम र अन्य विषयहरू प्रचलिन ऐन तथा कानून बमोजिम हुनेछ।

११. **कार्यविधि परिमार्जन**: कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गर्न सक्नेछ।

१२. **जिन्सी सामानको अभिलेखः** स्वास्थ्य शाखाबाट प्रमाणित गरी राखुपर्नेछ।

१३. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनु भन्दा पहिले प्रचलित कानुन, तथा समितिको निर्णयअनुसार भएका कामकार्वाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

लेटाङ नगरपालिका, मोरङ

**आज्ञाले,**
**नारायण न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८१।०५।०४**